# ***छिमेकी*** **कथामा यथार्थवाद**

दिनेशकुमार तिम्सिना
सहायक प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: timsinadinesh33@gmail.com

## सारकथन

*यस अध्ययनमा नेपाली कथा परम्परामा आधुनिकता भित्र्याउने कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथा सङ्ग्रहमा सङ्ग्रहित 'छिमेकी' कथामा यथार्थवादको प्रयोगलाई विश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी गुणात्मक अनुसन्धान ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ । कथामा करेसा जोडिएका छिमेकी आफन्तभन्दा पनि नजिकको सम्बन्धमा रहेका हुन्छन् र सानातिना समस्यालाई वास्ता नगरी एकलाई पर्दा अर्काको सहयोग गर्नुको विकल्प नहुने विचार प्रस्तुत गरिएको छ । ग्रामीण जनजीवनका यथार्थ घटनामा आधारित रहेको हुँदा पूर्वीय तथा पाश्चात्य यथार्थवादको मान्यताका आधारमा प्रस्तुत कथा यथार्थवादी भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी:** कार्य-पीठिका, रीतिक्षेत्र, रुचिक्षेत्र, यथार्थवाद

## परिचय

कथा साहित्यको लोकप्रिय विधा हो । कथाको स्वरूप र प्रवृत्तिमा बदलिँदो स्थितिको प्रभाव परेको पाइन्छ तर कथाको अक्षुण्ण प्रवाह भने अझ बढेर गएको छ । प्रारम्भिक अवस्थामा कथा भाव अभिव्यक्त गर्ने एउटा माध्यम र मनोरञ्जनको साधन थियो भने वर्तमान सन्दर्भमा थोरै समयमा सजिलोसँग कथाको आस्वादनद्वारा जीवन र जगतको कुनै एकपक्षीय अनुभूतिसँग साक्षात्कार वा पूर्वानुभूतिसँग नवीकरण र हार्दिकता स्थापित गर्ने एउटा सबल आधार पनि भएको छ (थापा, २०५०, पृ. १५७) । नेपाली कथा विकास प्रक्रियाको क्रमलाई हेर्दा आरम्भदेखि वि.सं. १९५७ सम्म प्राथमिक काल, वि सं. १९५८ देखि १९९१ सम्म माध्यमिककाल र १९९२ सालदेखि नेपाली कथाको आधुनिक काल प्रारम्भ भएको मानिन्छ । त्यस्तै वि.सं. १९९२ मा प्रकाशित "शारदा" पत्रिकासँगै गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट प्रवेश गरेको आधुनिक नेपाली कथा परम्पराले विविध विषयवस्तु र रुपाकृति ग्रहण गर्दै तथा विभिन्न घुम्ती तथा मोडलाई पार गर्दै अहिलेको अवस्थामा आइपुगेको छ ।

गुरुप्रसाद मैनालीको जन्म वि.सं. १९५७ साल जेठ २३ गते काभ्रेपलाञ्चोक जिल्लाको कानपुर भन्ने ठाउँमा भएको हो । उनले घरमा नै स्वाध्ययन गरेका हुन । मैनालीले वि.स.१९९२ सालको शारदा

पत्रिकामा 'नासो' कथा प्रकाशित गरेर प्रथम आधुनिक यथार्थवादी कथाकार बनेका हुन् । आधुनिक कथा साहित्यमा मैनालीको 'नासो' (२०२०) कथा सङ्ग्रह प्रकाशित छ । *'छिमेकी'* कथा नासो कथा सङ्ग्रहमा सङ्कलित ११ कथा मध्येको एक हो । उनका कथामा नेपाली समाजको यथार्थ चित्रण प्रस्तुत गरिएको छ । ग्रामीण मध्यम वर्गीय जनजीवनले भोग्नु परेका दुःख, पीडालाई फोटोग्राफी शैलीमा प्रस्तुत गरी यथार्थपरक विश्लेषण गरेका छन् । उनका कथाको कार्यपीठिका मूलतः ग्रामीण परिवेशलाई बनाएका छन् । उनका कथामा समाजमा विद्यमान अँध्यारा पक्षहरु कुरीति, अन्धविश्वास, खराब आचरणको निवारणको अपेक्षा राखिएको हुन्छ । समाजमा घटिरहेमा र घट्न सक्ने विषयलाई मैनालीले यथार्थपरक ढङ्गले आफ्ना कथामा उतार्ने गर्दछन् । छिमेकी कथामा पनि करेसा जोडिएर बसेका व्याक्तिहरु सानो तिनो विषयमा लामो समयसम्म रिसाउनु हुदैन, यदि केही खटपट भएमा तत्काल मिल्नुको विकल्प नहुने यथार्थवादी सन्देश दिएका छन् । समाजमा घटिरहेका घटनालाई यथार्थ उतार्नु मैनालीको रुचिक्षेत्र हो । पूर्वीय तथा पाश्चात्य मान्यताका आधारमा मैनालीका कथा यथार्थवादी कित्तामा पर्दछन् । गुरुप्रसाद मैनालीको निधन वि.स.२०२८ सालमा काठमाण्डौंमा भएको हो ।

वस्तुको सूक्ष्म निरीक्षण गर्दै गाउँलाई कार्य-पीठिका बनाएर आर्थिक तथा सामाजिक द्वन्द्व जटिल पारिवारिक स्थितिको सृजना गराएर मैनालीले कथामा नाटकीकरण गर्दै सामाजिक यथार्थवादमा आधारित कथा लेखेका छन् साथै उनले कथामा ग्रामीण मध्यमवर्गीय जनजीवनले भोग्नुपरेका दुःख तथा पीडालाई वस्तुगत ढङ्गले उतारेका छन् । उनी जनजीवन एवम् प्रयोगमा आएका उखान टुक्काको सफल प्रयोक्ता पनि हुन् । सरल र सम्प्रेषणीय भाषाको प्रयोगले मैनालीका कथा रोचक बनेका छन् । यस लेखमा छिमेकी कथामा यथार्थवादको प्रयोग छ भन्ने विषयलाई प्रस्तुत गरिएको छ ।

## यथार्थवादको सैद्धान्तिक परिचय

कथा साहित्यको लोकप्रिय विधा हो । यसको जन्म सृष्टिको आरम्भदेखि नै भएको हो । कथाको पूर्वरूप सृष्टि जतिकै पुरानो छ । कथा भन्ने र सुन्ने परम्परा मानव जीवनको अभिन्न अङ्ग र प्रवृत्ति हो । यो कथाको व्यापकता, प्रभावकारिता र लोकप्रियताको प्रमुख आधार पनि हो । हालसम्म कथाले निकै लामो यात्रा पुरा गरिसकेको छ । यसै क्रममा कथाको स्वरूप र प्रवृत्तिमा बदलिँदो स्थितिको प्रभाव पनि परेको देखिन्छ तर कथाको अक्षुण्ण प्रवाह भने अझ बढेर गएको छ । थापा (२०५०) का अनुसार प्रारम्भिक अवस्थामा कथा भाव अभिव्यक्त गर्ने एउटा माध्यम र मनोरञ्जनको साधन थियो भने वर्तमान सन्दर्भमा अन्य विधाको तुलनामा कथा जीवनसँग अत्यन्त सन्निकट र अत्यधिक लोकप्रिय रहेको छ (पृ. १५७) । थोरै समयमा सजिलोसँग कथाको आस्वादनद्वारा जीवन र जगतको कुनै एकपक्षीय अनुभूतिसँग साक्षात्कार वा पूर्वानुभूतिसँग नवीकरण र हार्दिकता स्थापित गर्ने एउटा सबल आधार पनि भएको छ । त्यसैले कथा साहित्यले आधुनिकता प्राप्त गर्नमा केही महत्वपूर्ण पत्रपत्रिका तथा प्रतिभाहरुको विशेष योगदान रहेको छ । त्यसै गरी विदेशी साहित्य तथा साहित्यकारको प्रभाव समेत नेपाली साहित्यमा परेको पाइन्छ । यस सन्दर्भमा सम्भव (२०४८) यसरी व्यक्त गर्छन्:

> नेपाली कथाको आधुनिक कालको इतिहास वि.सं. १९९० को दशकको तेस्रो वर्ष अर्थात् वि.सं. १९९२ देखि प्रारम्भ भएको हो । यस इतिहासको निर्माणका निमित्त शारदा, उदय, साहित्य स्रोत,

> प्रभात, उद्योग, प्रगति, धरती आदि पत्रिकाहरूको महत्त्वपूर्ण योगदान छ। आधुनिक कालको प्रारम्भसँगै नेपाली कथामा यथार्थवादको क्षितिज उघ्रियो र मध्ययुगीन प्रवृत्तिको अन्त्य भयो। यस प्रकारको युगान्तकारी भूमिका खेल्ने कथाकार गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइराला हुन्। मैनालीले भारतीय कथाकार प्रेमचन्द र शरदचन्द्र चट्टोपाध्यायको प्रभावमा आएर आदर्शोन्मुख सामाजिक यथार्थवादी स्कुलको शुभारम्भ गरे जुन स्कुल अन्तर्गत नेपाली साहित्यका निकै प्रसिद्ध कथाकारहरु पनि पर्दछन्। (पृ. १२३)

अङ्ग्रेजी भाषाको रियालिज्मको समानार्थी शब्द यथार्थवाद हो। यथार्थवाद दुई शब्दको योगबाट बनेको तत्सम शब्द हो। यथार्थ जस्तो छ त्यस्तै वा ठिक-ठिक वा वास्तविकता नै यथार्थवाद हो। पाश्चात्य दर्शनअनुसार प्रत्यक्ष नै यथार्थ हो। यथार्थवाद दर्शन र साहित्य दुवै क्षेत्रमा प्रयोग भएको शब्द हो। अतः जीवन जगतमा वस्तु जस्तो छ त्यस्तै अवस्थामा चित्रण गरिएको हुन्छ। समाजको यथार्थ स्थिति सत्य वा वास्तविक कुराको उद्घाटन गर्नु साहित्यिक कलासम्बन्धी सिद्धान्त नै यथार्थवाद हो। "साहित्य कला वस्तुतः जीवन जगतको प्रतिरूप हो र यसमा प्रतिबिम्बित हुने वास्तविक जीवनको यथातथ्यले यसको यथार्थवादी स्वभावलाई औल्याउँछ। वास्तवमा साहित्य कलाको यही यथार्थवादी स्वभावलाई र यसले गर्ने जीवन जगतको यथार्थरूपको चित्रण अङ्कनलाई नै यथार्थवादको संज्ञा प्रदान गरिएको हो" (जोशी, २०५५, पृ. ६६२)।

यथार्थवादलाई अध्ययन गर्दा यसका विभिन्न शाखाहरु देख्न सकिन्छ। साहित्यमा प्रयोग हुने क्रममा यसका विभिन्न रूप तथा अवस्थाहरु देख्न सकिन्छ। "आज यथार्थवादलाई सामाजिक यथार्थवादको अतिरिक्त समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद तथा विवेचनात्मक यथार्थवाद जस्ता विभिन्न शाखामा विभाजित गरिन्छ" (जोशी, २०५५, पृ. ६६२)। यसरी विभाजित भए पनि यसले वस्तु यथार्थलाई नै लक्षित गरेको हुन्छ।

## यथार्थवादसम्बन्धी पूर्वीय मान्यता

यथार्थवादले जीवन-जगतका वस्तुगत सत्य र वास्तविकतालाई बिना रोकावट कुनै प्रकारको ढाकछोप नगरी तथ्यपरक वर्णन गर्दै साहित्यको रचना गर्ने गर्दछ। वस्तु जस्तो छ त्यस्तै वर्णन गर्नु नै यथार्थवाद हो। यथार्थवादको पूर्वीय मान्यतासम्बन्धमा कँडेल (२०७४) यसरी धारणा व्यक्त गर्दछन्: "यथार्थवाद भनेको जीवन र जगत्प्रतिको निष्पक्ष दृष्टिकोण हो साथै आदर्शवाद र स्वच्छन्दतावादभन्दा भिन्न प्रवृत्ति भएको साहित्य सिद्धान्त हो जसले जीवनको यथार्थ चित्रणमा जोड दिन्छ" (पृ. १५४)। नेपाली साहित्य जगतमा वस्तु नै यथार्थ भएको र त्यसको जस्ताको त्यस्तै साहित्यिक प्रयोग नै यथार्थवाद हो। त्यस्तै, नेपाली बृहत् शब्दकोशमा पनि "जीवन-जगतको वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने हक, साहित्यिक मान्यता, जीवन जगत्का बिचका सम्बन्धले मान्छेका जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्य यथार्थवाद हो" (कँडेल, २०७४ पृ १५४)। यसरी पूर्वीय मान्यतामा ठिक, साँचो, वास्तविकता, जस्ताको त्यस्तै, बिना ढाकछोपको साहित्यिक रचनालाई यथार्थवाद मानिन्छ।

**यथार्थवादसम्बन्धी पाश्चात्य मान्यता**

पूर्वमा जस्तै पशिचममा पनि यथार्थवादलाई वस्तुजगत् वा परम सत्ता यथार्थ हो भन्ने कुरा मानेका छन् । जीवन र जगतमा भएका सत्य कुरालाई स्वीकारेका छन् । यथार्थले मानव इन्द्रियलाई प्रत्यक्षबाट वस्तुलाई चिनाउनु याथार्थवाद हो । त्रिपाठी (२०६५) का अनुसार इन्द्रियप्रत्यक्षबाट वस्तुका बारेमा प्राप्त हुने ज्ञान नै यथार्थ हो भन्ने धारणा नै आज प्रबल भएर देखापरेको छ (पृ. ४२) ।

पाश्चात्य दर्शन परम्परामा रियलिज्म एक महत्त्वपूर्ण वाद वा प्रणाली हो । यो प्रत्यक्ष इन्द्रीयग्राह्य वस्तुगत सत्यको दर्शन हो । यथार्थवादले ईश्वरीय सत्ता तथा रहस्यवादलाई स्वीकार गर्दैन । भौतिक जगत्को सामाजिक यथार्थ र वस्तुगतमा नै यो केन्द्रित हुन्छ ।

केही पाश्चात्य विद्वान्ले पनि यथार्थवादका विभिन्न भेदहरुको वर्णन गरेको पाइन्छ । श्रेष्ठ (२०५८) ले यस सम्बन्धमा जोन्सनको भनाइलाई यसरी उल्लेख गरेका छन्:

> डा.जोन्सनले यथार्थवादलाई व्यक्तिसँग सम्बन्धित नभएर वस्तुसँग सम्बन्धित भनेका छन् । जे होस् आजसम्म विकसित निर्मित यथार्थवादका अनेकौँ भेदहरु जस्तै विशुद्ध यथार्थवाद, विवेचनात्मक यथार्थवाद, नव-यथार्थवाद, आलोचनात्मक यथार्थवाद, समाजवादी यथार्थवाद, फोहोर यथार्थवाद (डर्टी-रियालिज्म) मध्ये यथार्थवाद शब्दले सामान्यतः समाजगत वस्तुपरकतासँग सम्बद्ध विशुद्ध यथार्थवादको तात्पर्यलाई संकेत गर्दछ । (पृ. १८१)

यथार्थवादलाई अझ स्पष्ट पार्दै भावना वा कल्पनाभन्दा वस्तु सत्यको बारेमा वर्णन गरिएको छ । यसले भावना कल्पनाभन्दा पनि वस्तुमा जोड दिन्छ । यसलाई पुष्टि गर्न पोखरेल (२०४०) यसो भन्छन्, “यथार्थवाद मूलतः वस्तुपरक दृष्टिकोण हो । कलाको क्षेत्रमा यसले जीवन र जगत्को यथार्थ चित्रणमा जोड दिने गरेको छ । यथार्थवादी कथाकार वा साहित्यकार आफ्ना भावना कल्पना र विचारहरुलाई पतिपाद्य विषयबाट अलग्ग राखेर वस्तुमा नै ध्यान केन्द्रित गर्छ, ऊ आफूलाई जीवनको तटस्थ द्रष्टा औ चित्रका ठान्दछ” (पृ. ५५) ।

विश्वमा प्रचलित विभिन्न वादहरुसँग यथार्थवाद परिचित छ । भावना, कल्पना, प्रकृति चित्रण जस्ता विषयमा यसले विमति जनाउँदछ । वस्तुमा आधारित रहेर साहित्य सृजना गरिएमा त्यो साहित्य जीवन्त बन्नुका साथै राम्रा नराम्रा, उच्च, हीन सबै पक्षको निष्पक्ष चित्रण गर्दछ । यसले जीवन जगत्का वास्तविकतालाई छलछाम नगरी इमान्दारी र यथार्थतापूर्वक प्रस्तुत गर्दछ । यथार्थवादले मूल विषयवस्तुसँग कुनै खास सरोकार नराख्ने गौणभन्दा गौण वस्तु, पात्र, घटना एवम् परिस्थितिको समेत सूक्ष्म चित्रण गर्ने गर्दछ । ज्ञान विज्ञानका वैज्ञानिक पद्धति र वस्तुगत यथार्थको प्रस्तुति समेत यस वादले दिने गर्दछ । कुनै पनि वस्तुको चित्रण फोटोग्राफी शैलीमा प्रस्तुत गरी दृश्य, घटना आदिको वस्तुगत यथार्थप्रतिको निष्ठा प्रकट गर्नु पनि यसको कार्य हो । यसै सन्दर्भमा कँडेल (२०७४) यसरी विचार व्यक्त गर्छन्, “कुनै वस्तु, पदार्थ, अनुभूति आदिको जे जस्तो रूपरङ्ग हुन्छ त्यसलाई जस्ताको तस्तै कुनै आदर्श, काल्पनिकता, भावुकता, बौद्धिकता र दार्शनिकताको लेप नलगाई सरल र तथ्यपरक रुपमा गरिने

अभिव्यक्ति हो। वस्तुगत यथार्थको प्रस्तुति गर्ने, बाह्य भौतिक जीवन र जगत्को यथातथ्यात्मक अभिव्यक्ति नै यथार्थवाद हो" (पृ. १५४)।

'यथार्थ र 'वाद' शब्दको संयोगबाट यथार्थवाद शब्दको निर्माण भएको हो। व्युत्पत्ति अनुसार यसको अर्थ हुन्छ 'वास्तविक' अर्थात् जस्तो छ त्यस्तै। यथार्थवाद दर्शन र साहित्यका क्षेत्रमा उत्तिकै प्रचलित रहेको देखिन्छ। दर्शनका क्षेत्रमा यसले भौतिक जगत् बुझाउँछ भने साहित्यका क्षेत्रमा संसारमा जुन वस्तु जस्तो छ ठिक त्यस्तै चित्रण भन्ने बुझाउने वाद नै यथार्थवाद हो। सत्यम्, शिवम् र सुन्दरम्प्रति यसको बढी आग्रह रहन्छ। प्लेटोदेखि नै यसको उल्लेख भएको पाइए पनि उन्नाइसौँ शताब्दीको उत्तरार्धदेखि मात्र यसको प्रवर्तन र विकास भएको हो। फ्रान्सेली उपन्यासकार बाल्जाकलाई यस वादको प्रयोगकर्ता मानिएको छ।

यथार्थवादको प्रारम्भलाई हेर्दा यो जर्मनीबाट थालिएको देखिन्छ। सन् १८३० तिर हाइनरिक हाइनाका कवितामा सर्वप्रथम यथार्थवाद भेटिएको हो। सिर्जनात्मक क्षेत्रमा भने यथार्थवादका प्रथम प्रयोक्ता फ्रान्सका बाल्जाक हुन्। यथार्थवादलाई चिनाउन विद्वानहरुले आआफ्नो विचार प्रस्तुत गर्ने क्रममा यो त्यो वाद हो जसले वस्तु सत्यमा विश्वास गर्छ र कल्पनाभन्दा टाढा रहन्छ अर्थात् सामाजिक फोटोग्राफी हुन्छ भनेका छन्। यसै सन्दर्भमा त्रिपाठी (२०६५) यसरी व्यक्त गर्दछन्:

> वस्तुपरक, फोटोग्राफी, रिपोर्टपरक र शिल्पहीन ढंगले विषयवस्तु लिनुकै नाम पनि यथार्थवाद हुन गएको छ। यथार्थवादी साहित्यमा साहित्यकारका आत्मपरक भावना र अनुभूतिको प्रवेश प्रायः काम्य भन्दा बर्ज्य नै ठानिन्छ अनि सामाजिक फोटोग्राफी नै प्रायः आमन्त्रित गरिन्छ। सत्यका प्राप्तिका निम्ति पुरै चोखो वस्तुपरक मार्ग अँगाल्न सकिन्छ भन्ने यथार्थवादी दर्शनकै प्रयोग यथार्थवादी साहित्यले पनि गरेको पाइन्छ। (पृ. ४४)

माथि उल्लिखित विषयवस्तुका आधारमा मैनालीका कथामा पनि वस्तु सत्यलाई अँगालेको पाइन्छ, त्यसैले उनका कथामा यथार्थवादी मान्यता पाइन्छ।

## छिमेकी कथामा पाइने यथार्थवादको विश्लेषण

गुरुप्रसाद मैनाली (१९५७-२०२८) आधुनिक नेपाली कथाकार हुन्। वि.सं. १९९२ को शारदा पत्रिकामार्फत नासो कथा प्रकाशित गरेर नेपाली कथा परम्परामा आधुनिक कालको आरम्भ भएको हो। समाजमा घटेका वा घट्न सक्ने घटनाहरूलाई टिपी कथा सिर्जना गर्ने गुरुप्रसाद कथाको माध्यमबाट यथार्थ तथा आदर्शको मार्गदर्शक पनि हुन्। उनका कथामा नेपाली समाजको यथार्थलाई प्रस्तुत गरिएको छ। यथार्थलाई टिप्ने र त्यसको नैतिक र आदर्श रूप दिने कौशल मैनालीका कथाको विशेषता हो।

नेपाली कथा परम्परामा गुरुप्रसाद मैनाली ग्रामीण जनजीवन कारुणिक पक्षका बारेमा कथा लेख्ने कथाकार हुन्। उनका कथाको विषयवस्तु नेपाली समाज रहेको छ र नेपाली समाजका यथार्थ पक्षको चित्रण गरी कथा लेख्ने कथाकारहरुमा मैनाली नै पहिला मानिन्छन्। उनका कथामा मूलतः गाउँले नेपाली जनजीवनका कारुणिक पक्षको चित्रण गरेको पाइन्छ (आचार्य र अन्य २०६३, पृ. १)।

छिमेकी भनेका एक दुई दिनलाई मात्र चाहिने होइन सधैँलाई चाहिने हुन् । त्यसो भएकाले सानोतिनो कुरा वा होचा अर्घेली भएमा सहनुपर्छ भन्ने वास्तविकतालाई यस छिमेकी कथाले उद्घाटन गरेको छ । गाउँघरमा छुल्याहा स्वभावका मानिस हुन्छन् र तिनले अरूलाई उचालेर दुई थरिका बिच झगडा चर्काइदिन्छन् भन्ने कुरा पनि धर्मानन्द पाध्येजस्ता पात्रका क्रियाकलापबाट थाहा हुन्छ ।

गुमानेका गोरुले धनजितेको असारमा रोप्ने बेलाको बीउ खाइदिनु, धनजितेलाई रिस उठ्नु र गुमानेका गोरुलाई चुट्नु आदि धर्मानन्द पाध्येले दुवैलाई उचालेकाले दुई थरिका बिच कुटाकुट हुनु, दुवैले भन्नु नभन्नु गाली गर्नु र अन्तमा बोल चाल नै बन्द हुनु यस कथाका प्रारम्भिक घट्ना हुन् । तर यस घट्नाको केही दिनपछि गाउँघरमा रोग फैलिनु, पहिले धनजिते बिरामी हुनु र गुमानेले वास्ता नगर्नु जस्ता घटना रहेका छन् । फेरि गुमानेकी जहान बिरामी पर्नु, घरमा पानीसम्म दिने मान्छे नहुनु, गाईबाखा विचल्ली पर्नु आदि रहेका छन् । यस घट्नाले धनजितेको मन पोलेको र छिमेकीलाई आपत पर्दा चुप लागेर बस्नु राम्रो होइन भन्ने ठानी गुमानेको घर गई उसको स्याहार सम्हार गरेर गुमाने तथा उसकी स्वास्नीलाई जाती गरेको परिवेश तयार भएको छ । कथामा माटोको भर ढुङ्गा र ढुङ्गाको भर माटो भएको नेपाली उखानलाई सार्थक बनाइएको छ । साना घटनाका कारण एउटै आँगन भएर बसेका छिमेकीले हिलो छ्यापाछ्याप गरेबाट कसैको भलो नहुने विचार कथाकारले व्यक्त गरेका छन् । आशामरु साहूले भारी लिएर गइदे भन्दा पनि धनजितेले गुमानेको सेवा गर्नुबाट छिमेकीमा हुनुपर्ने मानवीय कर्तव्य पुरा भएको छ । अन्तमा गुमानेको मन पनि फर्कियो र धनजितेप्रति ऊ साह्रै कृतज्ञ भयो । दुवै सँधै मिलेर बसेको घटनाले छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् भनेर नेपालीहरुको साँस्कृतिक एकता, प्रेमपूर्ण व्यवहार र परम्पराको बोध गराएर मैनालीले सामाजिक यथार्थको सुन्दर चित्र उतारेका छन् ।

## कथावस्तु

वर्षा ऋतुमा मानो रोपेर मुरी उब्जाउने समयकालीन मध्य दिउँसोको समयमा बिहान भरी काम गरेर थाकेका गरिब किसान र सित्तल ताप्ने स्थानबाट कथाको आरम्भ यसरी गरिएको छः "कुलोमाथि चौतारो, कुलोमुनि आशामरु साहुको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेसीको फाँट ।" (पहिलो अनुच्छेद)

सोझा किसानहरुलाई वर्षभरिको तिरो तिर्न, साहुको ऋण तिर्न र नुन तेलको जोहोसम्म भए उनीहरुलाई अरू थोक केही चाहिँदैन । कथाका मुख्य पात्र धनजिते र गुमानेलाई जुधाउने र आफू त्यसबाट रमाइलो मान्ने स्वभाव धर्मानन्द पाध्येको गाउँका सामन्त वर्गले गरिब वर्गलाई जुधाउने, फाटो गराउने र आफू खुसी सधैं काममा दलाउने जस्ता कार्यले धनी भनौदाहरुको चरित्रलाई छर्लङ्ग पारेको छ । एउटा उदाहरण यस्तो छ : "एकछिन पछि गुमानेका गोरु धनजितेका बीउमा पसे । आजभोलि रोप्नुपर्ने बिउ, धनजिते आगो भयो ।" (दोस्रो अनुच्छेद)

बिहानभरी जोतेका गोरु किन कुटेको अझ मुख पनि छाड्दैछ भन्दै धर्मानन्द पाध्ये गुमानेलाई उचाल्छन् । एउटा गरिब किसानका लागि रोप्ने बेला भएको बिउ अर्काको वस्तुले क्षति गरिदिनु ज्यादै सहन नसकिने विषयलाई यथार्थपरक व्याख्या गरिएको छ ।

जो दिनरात परिश्रम गर्छ, उसमा क्षमा तत्वको कमी हुन्छ । शक्ति कम भएका मानिस सकिनसकी शब्दले भन्दा पनि हातले उत्तर दिन पुग्दछः "निर्धाको हात छिटो चल्छ भन्छन्- 'किन मुख छोड्छस् ए धनजिते डाकु' भनेर हात मिसिहाल्यो ।" (पाचौं अनुच्छेद)

धनजिते र गुमानेको लडाइ ज्यादै बढ्न थाल्यो । एकले अर्काको दोष देखाउने र भेद खोलाखोल गर्न थाले । उपर्युक्त कथाका घटना, भनाभन, कुटाकुट एवम् लडाइँ झगडामा हाम्रै समाजको यथार्थ व्यक्त भएको पाइन्छ ।

गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो-बाबुले धुलिखेलको भारी चोऱ्यो र तिन दिनसम्म छिडीमा जाक्याथ्यो ठूलो हुन्छस् ।' एक आपसको दोषारोपण बढ्दै जान्छ र धनजिते पनि विगतका कुरा कोट्याउँछः कोट्याउन थाल्दछ : काउले भन्ने भन्ज्याङमा आरुबोटे नेवार साहुको सुर्तीको ढाकर चोरेका बेला मानबिरे भन्ने द्वारेले चौरमा लडाएर लछार पछार पार्दै गोर्खेलौरी लगाएर भकुरेको चाहिँ तेरो बाबुलाई हैन भन्दै यथार्थलाई प्रस्तुत गरिएको छ ।

साँझ पर्ने थाले पनि बाझ्ने क्रम निरन्तर चलिरह्यो, यहाँसम्म कि आमा-बाबु, चेलीबेटी कोही बाँकी राखेनन् । दुवैतर्फबाट कराउँदै आआफ्ना घरतिर लागे । यसै दिनबाट यी दुईको बोलचाल समेत बन्द हुन्छ ।

भदौ महिनामा बढी गर्मी हुने र वर्खाभरि काम गरेको शरीर पनि थकित भएको बेलामा गाउँमा महामारी आउँछ जसलाई कथामा आँठे ज्वरोको नाम दिइएको छ । यो ज्वरोलाई अरू बेलाको भन्दा केही भिन्न बताउने सन्दर्भमा मैनालीले सात दिनसम्म निरन्तर ज्वरो आउने र आठौं दिनका दिन बिरामीको मृत्यु हुने कुरा वर्णन गरिएको छ । किनकी ग्रामीण समाजमा अझै पनि शिक्षाको उज्यालो पुग्न नसकेको विषयलाई देउदेउता, झारफुक, लगानमा विश्वास गर्ने यथार्थवादी सोचलाई कथाकारले यसरी व्यक्त गरेका छन्ः

> गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो । भन्थ्यो- देउदेउताको मान भाउ नगरेपछि यस्तै हुन्छ । परार मासीले गाँवै सोत्तर भो । गाउँका थानीको पूजा गरौं भन्दा सिमेभुमे पुजेर पनि रोग हराउँछ ? भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भुमेको पूजा गरेका पर्सिपल्ट रोग साम्मे भो । (अनुच्छेद १२)

शिक्षा र आर्थिक अवस्था दुवैबाट ठगिन पुगेका निम्न वर्गीय किसानलाई झारफुकबाट रोग निको हुने सोच्नु सामान्य विषय हो । यस पटक पनि गुमानेले धामी झाँक्री बसायो । गाउँका सबै इष्टमित्र जम्मा भए तर एउटै करेसो जोडिएको धनजिते त्यहाँ आएन । पूजा गरेको पर्सिपल्ट गुमानेकी श्रीमतीलाई ज्वरोले पक्रियो । त्यसको तीन दिन पछि धनजितेलाई त्यसपछि उसको श्रीमतीलाई ज्वरोले पक्रियो गाईवस्तु लगायत उनीहरुलाई पानीसम्म दिने कोही नभएपछि अन्ततः "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको, नत्र ओडारमा गएर बसे पनि त भो नि : जहाँ पनि बस्नै न हो । दिनदशा आपतविपत कसैलाई पर्दैन ?" (अनुच्छेद १५) भन्दै गुमाने धनजिते उसको परिवार तथा गोठका वस्तुको उपकार गर्न थाल्छ । गुमाने र धनजितेको मिलाप देख्न नसक्ने आशामरु साहुले सदाको भन्दा दोब्बर पैसा दिन्छु माल पुऱ्याइदे भन्दा पनि धनजितेको यो अवस्थामा छाडेर काम गर्न जान्न बरु नुनपानी खाएर बस्छु, "छिमेकी भनेको जिउँदाको

जन्ती, मर्दाको मलामी भन्छन्" (अनुच्छेद १९) भन्ने उत्तरबाट मैनालीले निम्न आय स्रोत भएका अशिक्षित वर्गको प्रतिनिधित्व गरी यथार्थवादलाई प्रस्तुत गरेका छन् ।

आशामरु अनेक चालबाजीले उनीहरुलाई फुटाउन पहिलेको प्रसङ्ग समेत कोट्याउँछ तर गुमानेले आफू निरन्तर सेवा गरिरहने, आफू अमृत रोपी रहने भएकोले त्यसबाट बिष कहिले पनि नफल्ने अडानको प्रसङ्गका कुरा धनजितेले पनि सुन्छ । धनजितेले आँखा उघारेको देखेर गुमानेले सोध्छः "कस्तो छ माइला दाइ ?" यस किसिमको सम्बोधनबाट उनीहरुको वार्तालाप सुरु हुन्छ । पाँच दिन अगाडिदेखि म आएको तिमीहरुको विजोक हेर्न सकिनँ, मेरो मन कहाँ तिम्रो जस्तो ढुङ्गाको छ र जस्ता कुरा हुन्छन् । उत्तरमा धनजितेले पनि यसो भन्छ- "पोलेको घाउमा नून ना छार् कान्जा, मो अधाम हो, क्षमा गर्" भनी पूर्ण मिलन गराएर कथामा यथार्थवादी मान्यता अनुसार दुई छिमेकीको बिचमा सानोतिनो विवाद आउन सक्छ तर त्यसलाई तुरुन्तै दुवै तर्फबाट एक आपसमा बुझाबुझ गर्नुपर्छ । दीर्घकालीन रिसिबी राख्नु हुँदैन, ढुँगाको भर माटो र माटोको भर ढुँङ्गो हुन्छ भन्ने कथामा देखाइएको छ । यसरी ग्रामीण जनजीवनमा घटिरहने सामान्य विषयवस्तुलाई यथार्थपरक ढङ्गबाट व्याख्या गरिएकोछ ।

यस कथामा मैनालीले रैखिक कथानक ढाँचाको प्रयोग गरी आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कथावस्तुको उन्नयन गरेका छन् । कथामा गारुले बिउ खानु, भनाभन हुनु र फत्फताउदै उकाली लाग्नुसम्म आदि भाग हो । त्यसपछि गाउँमा आँठेको महामारी फैलनु, गाउँ नै सोत्तर हुनु, गुमानेले जान्ने बसाउनु, धनजिते नआउनु, जान्नेले देवीको दोष देखाउनु तथा फेरि धनजिते इन्तु न चिन्तु हुनुसम्म मध्यभाग हो । त्यस्तै गुमानेले रिसाएको धनजितेको स्यारसुसार गर्नु, धनजिते जाती नहुन्जेलसम्म साथ दिनु, साहुले आर्थिक प्रलोभन देखाउनु, धनजितेको होस फिर्नु, गुमानेले आशामरु साहुको प्रलोभन अस्वीकार गर्नु, उक्त प्रसङ्ग धनजितेले सुन्नु र दुवैको मिलन हुनु यसको अन्त्य भाग हो । यसरी कथामा वर्णित घटनाक्रमका आधारमा यथार्थवादी मान्यताको अनुसरण भएको प्रस्ट हुन्छ ।

## परिवेश

छिमेकी कथाको परिवेश भनेको यस कथाका पात्रहरुले खेलेको स्थान, समय र परिस्थिति हो । कथाकार मैनालीले यस ठाउँलाई निकै रमाइलो ठाउँ भन्दै उल्लेख गरेका छन् । यहाँ बेसीको फाँट, चौतारो, कुलो, आशामरु साहुको हिउँदे पसल स्थलगत परिवेशका रुपमा आएका छन् । समयका हिसाबले टन्टलापुर घामका कारण पात्रहरु चौतारामा बसेको मैनालीले चर्चा गरेका छन् । यहाँ असारको महिनामा रोपाइँ हुने समयलाई चित्रण गरिएको छ । यसको साथै भदौ महिनामा आँठे रोग फैलिएर गाउँनै सोत्तर भएको समयगत परिवेशको चर्चा गरिएको छ । यसको साथै पात्रहरुले कक्कड खार्ने, घुम बुन्ने, वीर सिक्का पढ्ने गाउँमा जान्ने बसाउने र उपचार गर्छन् भने देउता रिझाउन गुमानेले जान्ने बसाएको धार्मिक तथा साँस्कृतिक परिवेशको यथार्थपरक चित्रण गरिएको छ ।

छिमेकी कथामा जात-जाति, वर्ण, लिङ्ग आदिको भेदभाव समेत गरिएको छ । कथामा धर्मानन्द पाध्ये, धनजिते भोटे, गुमाने घर्ती, आशामरु साहु आदिको एक आपसमा भने मेलमिलाप देखाइएको छ ।

यहाँ धर्मका नाउँमा केही भेदभाव देखाइएको छैन । नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसाँस्कृतिकको देश हो भन्ने भनाइलाई सिद्ध गरी यथार्थवादको प्रयोग गरिएको छ ।

## उद्देश्यमा यथार्थता

गुरुप्रसाद मैनाली सामाजिक यथार्थवादी कथाकार हुन् । उनको छिमेकी कथामा नेपाली समाजका वास्तविक घटनालाई कथाको विषयवस्तु बनाइएको छ । ग्रामीण अशिक्षित परिवेशलाई अत्यन्त सजीव ढङ्गले प्रस्तुत गर्न मैनाली निपुण देखिन्छन् । यस कथामा मार्मिकता, हार्दिकता, मानवीयता र जीवन्तता प्रस्तुत भएको पाइन्छ । छिमेकी भनेका नजिकै बसोबास व्यक्ति भन्ने बुझिन्छ । यस कथाका प्रमुख पात्रहरु गुमाने र धनजितेका माध्यमबाट कथाले सन्देश व्यक्त गरेको छ । समाजमा घट्ने घटनालाई विषयवस्तु बनाई छिमेकीको दायित्व र भूमिकालाई यहाँ प्रस्तुत गरिएको छ ।

छिमेकी दुःखसुखका सहयात्री र एक अर्काका परिपूरक हुनाले असल छिमेकीले सामान्य खटपट बिर्सनु पर्छ । संसार रचना पनि यसरी नै भएको छ भन्दै एक अर्काको अस्तित्वमा संसार रहेको र एउटा छिमेकीलाई पर्दा अर्को छिमेकीले मद्दत गर्नुपर्ने यथार्थवादी विचार प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

## छिमेकी कथाको घटनाक्रमको समीक्षा

यस कथामा यथार्थपरक ढङ्गबाट घटनाक्रमको विन्यास गरिएको छ । ज्यामिरे बेँसीमा असार महिनामा रोपाइँको रमाइलो थियो । किसानहरु मेलो सकेर आशामरु साहुको हिउँदे पसलमा आराम गर्दै थिए । गुमाने पल्टिएको, धनजिते घुम बुन्दै गरेको र धर्मानन्द पाध्य गफ चुट्दै गरेका थिए । गुमानेका गोरु नजिकैका धनजितेको बारीमा पसेर बिउ खान नपाउँदै धनजितेले गोरुलाई पिट्दै लखेट्यो । दिनभर जोतेका गोरुलाई पिटेपछि गुमाने पनि रिसायो । धर्मानन्दले झगडा मच्चाउनलाई घटनालाई उचाले । यसपछि उनीहरुको झगडा बढ्दै गयो र बोलचाल नै बन्द भयो । त्यसपछि एकले अर्काको मुख देख्नै नसक्ने वातावरण सिर्जना भयो ।

भदौ महिनाको आगमनसँगै गाउँमा आँठे रोगको महामारी फैलियो । गुमानेले जान्ने देखाउँदा देवीको दोष देखिएपछि सबै गाउँलेहरु मिलेर पूजा गरे पनि छिमेकी धनजिते आएन । पूजाको पर्सिपल्ट गुमानेको स्वास्नी बिरामी परे पनि बाँची । त्यसपछि धनजितेको परिवार बिरामी पर्‍यो । केही दिन शत्रुको मुख नहेरौ भनी बसेको गुमानेको मन बदलियो । धनजितेको घरमा पुगी खानपिन, ओखतीमुल, सरसफाइ , गाईवस्तुको स्याहार आदिमा ध्यान दिन थाल्यो । आशामरु साहु मालसामान बोक्न भरिया खोज्दै आयो तर गुमाने छिमेकीको बिजोकलाई छोडेर पैसाका निम्ति भारी बोक्न गएन । साहुसँगको गुमानेको संवादले धनजिते बिम्झियो । उसले गुमानेसँग माफी माग्यो । त्यसपछि दुवै छिमेकीमा घनिष्ट माया एवम् मित्रता विकसित भयो ।

यसरी हेर्दा छिमेकी कथामा प्रस्तुत घटनाक्रम विन्यासमा पनि यथार्थवादी दृष्टिकोण अनुरुप वास्तविकतामा आधारित देखिन्छ ।

## शैली र शिल्पमा यथार्थवाद

छिमेकी कथाले गुमाने पात्रमार्फत आदर्श छिमेकीको परिचय दिएको छ । मान्छे छिमेकमा बसेपछि छिमेकीपनलाई भुल्न हुदैन । आपत विपतमा छिमेकीकै साथ सहयोग चाहिन्छ । यस कथाले मानवीय आवश्यकतालाई अत्यन्त मार्मिक ढङ्गले चिनाएको छ । दुख र सुखका सहयात्रीका रुपमा हाम्रो समाजमा छिमेकीको महत्व जसरी स्थापित छ, त्यसलाई जोगाउनु पर्छ भन्ने आशय कथामा छल्किएको छ । यसैका आधारमा कथाकारले छिमेकी 'जिउँदाका जन्ती र मर्दाका मलामी' भन्ने लोकोक्तिलाई प्रमाणित गरेका छन् । छिमेकमा रहँदा कहिलेकाही झगडा हुन सक्छ तर त्यस्तो रिसिबीलाई दीर्घकालसम्म लिइरहनु हुदैन । 'सधैं सुते गोडा लाग्ने', 'ढुङ्गाको भर माटो र माटाको भर ढुङ्गा' भन्ने लोकोक्तिलाई पनि चिनाउन खोजिएको छ । त्यसैगरी बैगुनीलाई गुणले मार्नुपर्छ भन्ने आशय कथाले प्रकट गरेको छ । यस कथाको माध्यमबाट मैनालीले गुमाने पात्रलाई स्वाभिमानी, मानवतावादी दृष्टिकोण र निःस्वार्थ भाव भएको व्यक्तिको रुपमा प्रस्तुत गरेका छन् । त्यो समाजको उन्नति र प्रगति तब हुन्छ जब गुमाने जस्ता व्यक्ति समाजमा रहन्छन् भन्ने वस्तु सत्यलाई कथाले प्रस्तुत गरेका छ ।

यस कथाले धन वा भौतिकता, ईर्ष्या, द्वेष, घमण्ड, स्वार्थ, सङ्कीणता, आडम्बर जस्ता मानवीय दुर्गुणको निन्दा गरेको छ । सोझा सिधा किसानहरुमा स-सानो भनाभन हुँदा तिनलाई उचाल्ने र द्वन्द्वमा पुऱ्याउने धर्मानन्दको गलत प्रवृत्तिलाई चिनाउने पनि कथाकारको यथार्थवादी मान्यता मानिन्छ । त्यसैगरी महामारीले आपत परेको बेला गरिब छिमेकीलाई धनको लोभ देखाएर मानवीय सेवालाई लत्याउन खोज्ने आशामरु साहुका अविवेकी व्यवहारलाई पनि यथार्थपरक ढंगले प्रस्तुत गरिएको छ । यसरी पैसाका लागि आत्मा बेच्ने नीच प्रवृत्तिको अन्त्य नभई आदर्श समाजको निर्माण हुन सक्दैन भन्दै सामाजिक सद्भाव एकता र शान्ति फैलाउन गुमाने जस्ता पात्रलाई कथाकारले उभ्याएका छन् । समाज जसरी चलेको छ त्यसलाई जस्ताको त्यस्तै यस कथामा चित्रण गरिएको हुँदा 'छिमेकी' कथा यथार्थवादी शैली शिल्पमा तयार भएको कथा हो । ग्रामीण निम्न आय भएका मानिसले प्रयोग गर्ने भाषालाई कथाकारले प्रयोग गरेका छन् । नेपाल एक बहुभाषिक मानिस वस्ने साझा थलो भएको र उनीहरुको भाषा पनि बेग्लै रहेको हुँदा नेपाली भाषाको प्रयोगमा आएका समस्याहरुलाई यहाँ यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ । जस्तैः 'परार मासीले गाँवै सोत्तर भो' यसरी अशिक्षित जनमानसले गाउँमा बोल्ने कथ्य भाषालाई जस्ताको त्यस्तै प्रयोग गरिएको पाइन्छ ।

## निष्कर्ष

यस कथामा ग्रामीण जनजीवनमा मानिसले कसरी जीवन निर्वाह गरेका छन् भन्ने कुरालाई देखाइएको छ । पाश्चात्य साहित्यको प्रभावबाट साहित्य सिर्जना आरम्भ गरे पनि मैनालीका कथामा ग्रामीण समाजको जीवन्त चित्र उतारिएको हुन्छ । वास्तविक नेपाली समाजको दर्पण देखाउन सक्नु मैनालीको यथार्थवादी प्रवृत्ति हो ।

सामाजिक विषयवस्तुको माध्यमबाट यथार्थपरक ढङ्गमा कथा लेख्ने गुरुप्रसाद मैनालीले नेपाली कथामा आधुनिकताको प्रवर्तनको साथै नेपाली कथालाई आधुनिकताको गोरेटो देखाएका छन् । सामाजिक

विषय रुचि क्षेत्र भएका र यथार्थवाद रीति क्षेत्र भएका मैनालीले आफ्ना कथाहरुमा शिल्पगत सजीवता, विषय वस्तुमा नवीनता विधागत सचेतता, पाश्चात्य यथार्थवादी दर्शनबाट प्रभावित र नयाँ जीवन मूल्यको स्थापना गरेका छन् । मैनालीले नेपाली कथालाई आधुनिक मूल्य प्रदान गर्ने क्रममा पूर्ण यथार्थवादमा आधारित संरचनामा कथावस्तुको निर्माण गरेका छन् भने आफ्नो कथाको रूप विन्यासलाई मध्ययुगीन काल्पनिक भावुकता रोमाञ्चकता, तिलस्मी र जासुसी जस्ता शैलीबाट पृथक् गर्दै आधुनिकतातर्फ अगाडि बढी नेपाली जीवनको यथार्थ पक्ष टिप्न सक्षम मानिन्छन् ।

मैनालीका कथामा यथार्थवादी मान्यता अनुसार कथावस्तु चयन गरेका छन् । ग्रामीण निम्न वर्गीय परिवारले भोग्नु परेका विषयवस्तुलाई टिपेर पारिवारिक जीवनको वर्णन गरिएको हुँदा यो कथा उच्च बन्न गएको छ । समाजभित्र दैनिक रुपमा घटिरहेका विषयमा कथा सिर्जना गरिएको छ । त्यसैगरी नयाँ र पुराना पुस्ता बिचको यथार्थ द्वन्द्वलाई प्रस्तुत गरिएको छ। समाज सुधारको चाहना राख्नु पनि यस कथाको यथार्थवादी मान्यता देखिन्छ। सरल, सहज र ग्रामीण कथ्य भाषाको प्रयोग गरी कथा लेख्नमा मैनाली निपुण देखिन्छन् ।

आफन्त तथा नरनाता यत्र-तत्र हुन्छन्, उनीहरु सुखदुःखमा तत्काल नआउन पनि सक्छन् तर छिमेकी सधैँ सधैँ रहने हुनाले उसँग दीर्घकालीन गुनासो पाल्न नहुने भाव कथाकारले व्यक्त गरेका छन् । यस कथाको माध्यमबाट बन्धुत्वलाई समेत प्रस्तुत गर्नु मैनालीको यथार्थवादी मान्यता हो । समग्रमा यथार्थवादी दृष्टिमा सिंहावलोकन गर्दा कथाकार मैनालीद्वारा रचित छिमेकी कथा यसको कथावस्तु र घटनाक्रम, पात्र, परिवेश, शैली शिल्प तथा उद्देश्य यथार्थवादी मान्यतामा आधारित छन् भन्ने कुरा सावित भएको छ ।

## सन्दर्भसूची

आचार्य, नरहरी, अवस्थी महादेव, र गौतम, देवीप्रसाद, (२०६३), *नेपाली कथा-* भाग १, काठमाडौँः साझा प्रकाशन ।

कँडेल, श्रीप्रसाद, (२०७४), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौँः शुभकामना प्रकाशन ।

जोशी, कुमारबहादुर, (२०५५), *'यथार्थवाद' नेपाली साहित्यकोश* (सं. ईश्वर बराल र अन्य), काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव, (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा- भाग २,* काठमाडौँः साझा प्रकाशन ।

थापा, हिमांशु, (२०५०), *साहित्य परिचय,* काठमाडौँः साझा प्रकाशन ।

पोखरेल, भानुभक्त, (२०४०), *सिद्धान्त र साहित्य,* विराटनगरः श्याम पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार, (२०५८), *पूर्वीय पाश्चात्य साहित्य- समालोचना,* काठमाडौँः साझा प्रकाशन ।

श्रेष्ठ 'सम्भव', दयाराम, (२०४८), *नेपाली साहित्यका केही पृष्ठ,* काठमाडौँः साझा प्रकाशन ।